धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

# कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८१/०८/२३)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०८/२१ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

२०८१ मंसिर २१ गतेको कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र सो सम्बन्धका निर्णयहरू,

**प्रस्तावहरु**

१. पालिकास्तरीय बाटो सरसफाईको भुक्तानी सम्बन्धमा,
२. मच्छिम हिलापोखरी एक घर एक धारा निर्माणको ठेक्का आव्हान सम्बन्धमा,
३. सडक बोर्ड नेपाल अन्तर्गतको बजेट कार्यान्वयन सम्बन्धमा,
४. नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्री सम्बन्धि आय ठेक्का सम्बन्धमा,
५. विविध,

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा पालिकास्तरीय मोटरबाटो सरसफाई कार्य सम्पन्न भईसकेको हुँदा वडा प्राविधिक सहितको वडा कार्यालयको सिफारिसका आधारमा सो को भुक्तानी गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय विशेष योजना अन्तर्गत मच्छिम हिलापोखरी एक घर एक धारा निर्माणको लागि रू १,१०,००,०००/- बराबरको लागत अनुमान स्वीकृत गरि ठेक्का आह्वान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्ड नेपाल अन्तर्गत चालु आ.व.मा स्थानीय सडक मर्मत संभार कार्यको लागि रू १० लाख विनियोजन भएको र Matching Fund को लागि २०% ले हुन आउने रकम रू २ लाख रूपैयाँ समपूरक कोषबाट विनियोजन गरी मराङ, मल्कबाङ सडक मर्मत गर्ने निर्णय गरियो।
४. प्रस्ताव नं. ५ माथि छलफल गर्दा नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री वितरण कार्यको लागि स्विकृत IEE Report अनुसार देहायबमोजिम हुने गरी ठेक्का आव्हान गर्न गाउँकार्यपालिकाको कार्यालय लाई निर्देशन दिने।

देहाय

| योजनाको नाम | उत्खनन गर्ने बगर | परिमाण | दर |
|---|---|---|---|
| ढुङ्गा गिट्टि रोडा तथा बालुवा उत्खनन, सङ्कलन, निकासी तथा विक्री वितरण। | गुर्जा खोला, म्याग्दी खोला, मराङ खोला। | ९८,८८२ क्यु. फिट। | मु.अ.कर तथा अन्यसेवा शूल्क बाहेक प्रति क्यु.फि.रु ९/- |

५. विवध प्रस्ताव अन्तर्गत देहाय बमोजिम हुने गरी निर्णय गरियो।

१. पालिका स्तरमा प्रयोग हुने औषधी खरिदको लागि उपलब्ध बजेट बमोजिम रू १८ लाखको लागत अनुमान स्वीकृती गर्ने।

२. पशुपालक कृषकहरूलाई लजिस्टिक सामाग्री वितरण कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१ लाई स्वीकृत गर्ने,

३. घुम्ती गोठ सुधार २५ प्रतिशत कार्यक्रम कार्यान्वयनको लागि घुम्ति गोठ सुधार तथा निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१ लाई पारित गर्ने निर्णय गरियो।

४. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले प्रयोग गर्ने आवास (क्वाटर)को प्रयोजनार्थ बाहेक अन्य घरभाडा सम्झौताहरू खारेज गर्ने साथै माथि उल्लेखित आवासको लागि मितव्ययिता कायम हुने गरि घरभाडा सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

५. शिक्षा शाखा अन्तर्गतको पढ्दै कमाउँदै कार्यक्रम, प्रस्तावनाका आधारमा धवलागिरी मा.वि मुना र हेम मा.वि सिवाङमा सञ्चालन गर्ने,

६. वडा समितिको बैठकको भत्ता सम्बन्धमा मासिक बढिमा २ वटा बैठकको मात्र भत्ता उपलब्ध गराउने,

७. गाउँपालिको Scorpio गाडीको ईन्जिनमा समस्या आई मर्मत गर्नुपर्ने भएकोले मेकानिकल ईन्जिनियरले तयार गरेको स्पेसीफिकेसनका आधारमा गाडी मर्मत गर्न प्रमूख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

८. घट्टेखोला खानेपानि उपभोक्ता समितिको पाईप वर्षाको पानिले बगाएको हुँदा माग भइ आए बमोजिमको पाईप विपद उद्दार तथा राहत कोषबाट भुक्तानी हुने गरी गाउँपालिकाले खरिद गरि हस्तान्तरण गर्ने,

९. वडा नं. ५ मल्कवाङ स्वास्थ्य चौकिमा रिक्त अनमि पद र वडा नं. ६ मा रिक्त नायव पशु स्वास्थ्य प्राविधिकको लागि विज्ञापन आह्वान गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने।

१०. अध्यक्षसँग दिर्घरोगी कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१ लाई पारित गर्ने,

११. आगामी हिउँदे गाउँसभा पौष १० गते सञ्चालन गर्ने ।

१२. दरखोला हाइड्रोपावर प्राईभेट लिमिटेड को निवेदन माथि छलफल गर्दा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७९ को दफा ६ को उपदफा ४ (ग) बमोजिम निवेदनसाथ पेश भएका प्रस्तावित नापी नक्सामा उल्लेखित क्षेत्रका जग्गाहरू समेटिनेगरी सो स्केल बमोजिमका सरकारी सार्वजनिक (पाँचौ बारिका जमिन र खोलाको बगर) प्रकृतिका जग्गा यस दरखोला हाईड्रोपावरलाई स्थायी तथा अस्थायी रुपमा लिजमा उपलब्ध गराउँदा यस धवलागिरी गउँपालिका एवं यस गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन एवं जिल्ला विपद् व्यवस्थापनमा असर नपर्ने निर्णय गरि सोही बमोजिमको सिफारिस प्रदान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

१३. म्याग्दी उद्योग बाणिज्य संघले म्याग्दी महोत्सव संचालनका लागि पेश गरेको प्रस्तावनामाथी छलफल गर्दा गाउँपालिकाको पर्यटकीय डकुमेन्ट्री प्रदर्शनी एवं कृषि प्रदर्शनीका लागि स्टल समेत उपलब्ध गराउने हुँदा म्याग्दी जिल्लाका सम्पूर्ण पालिकाहरुले जस्तै यस धवलागिरी गाउँपालिकाले पनि सो महोत्सव सञ्चालनको लागि रू एक लाख रुपैंया अन्य संस्था सहायता खर्च शीर्षकबाट सहयोग स्वरूप भुक्तानी गर्ने गरी प्रस्ताव स्वीकृत गर्ने,

१४. यस गाउँपालिका क्षेत्रभित्र संचालन भईरहेका ठेक्काको सम्बन्धमा मिति २०८१ असार २० गतेको कार्यपालिका. निर्णयद्वारा म्याद थप भएका,तर थपिएको म्यादभित्र कार्यसम्मपन्न हुन नसकेको कारण सहित निवेदन पेश भएकोले कारण मनासिव देखी देहायबमोजिम हुने गरी म्याद थप गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

देहाय

| क.स | योजनाको नाम | वडा नं. | संचालक | म्याद सकिने मिति | म्याद थप | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मुदी खिवाङ मोटरबाटो | ४ | ध.गा.पा. | २०८१ पौष १५ | २०८२ जेठ मसान्त | |
| २ | मराङ एक घर एक धारा | ६ | ध.गा.पा. | २०८१ पौष ३० | २०८२ जेठ मसान्त | |